# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र १२ गते २०३० साल

श्री ५ को सरकार

स्वास्थ्य मन्त्रालयको

सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा १ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खाँदबारीमा अस्पताल स्थापना गर्न कोशी अञ्चल, संखुवासभा जिल्ला, खाँदबारी गाउँ पञ्चायत वडा नं. ४ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ अनुसार क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

मूल बाटो, बुद्धिमान शाक्य र गजराज शाक्यको घरदेखि पूर्व, नरबहादुर श्रेष्ठको बारी र बाँसघारीदेखि पश्चिम, जिल्ला पञ्चायत र नरबहादुर श्रेष्ठको घरदेखि दक्षिण, भीमबहादुर श्रेष्ठको घर र नरबहादुर श्रेष्ठको बारीदेखि उत्तर यति ४ किल्लाभित्रको कित्ता नं. नखुलेको मालपोत जम्मा रू. ११।२५ (एघार रूपैयाँ पच्चीस पैसा) लागेको जम्मा १२–१--० (बाह्र रोपनी एक आना) को जग्गा कित्ता – – – – – – – – १

आज्ञाले–

हरिहरजङ्ग थापा

श्री ५ को सरकारको सचिव



आधिकारिकत्ता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८०१३

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६७१४